# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ६ । अंक २३ । २०७५ बैशाख, जेष्ठ र असाढ ।

## कोषको प्रशासकमा तुलसीप्रसाद गौतम

# प्रशासक र अर्थ मन्त्रालयबीच कार्य सम्पादन सम्झौता



अर्थमन्त्रालयमा आयोजित सपथ ग्रहण कार्यक्रममा (बायाँबाट क्रमशः) कोष सञ्चालक समिति अध्यक्ष शिशिरकुमार ढुंगाना, नवनियुक्त प्रशासक तुलसी प्रसाद गौतम, मुख्य अधिकृत राजेन्द्र काफ्ले लगायत विभागीय प्रमुखहरू, प्रबन्धकहरू एवं कर्मचारी संगठनका प्रतिनिधिहरू ।


कोष सञ्चालक समितिका अध्यक्ष शिशिर कुमार ढुंगानाको रोहवरमा नेपाल सरकार अर्थ मंत्रालय र कोषका प्रशासक तुलसी प्रसाद गौतमबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ। २०७५ जेठ ७ मा सम्पन्न उक्त सम्झौतालाई यही असार ३ गते बसेको सञ्चालक समितिको बैठकले अनुमोदन समेत गरेको छ।

सम्झौतामा, सञ्चयकर्ताको वार्षिक बृद्धि ६५ हजार पुऱ्याउने, वित्तीय श्रोत वार्षिक ८५ अर्ब पुऱ्याउने, पूर्वाधार विकास क्षेत्रको लगानी र कुल लगानी अनुपात २५ प्रतिशत पुऱ्याउने, प्रति कर्मचारी वार्षिक आय ५०० लाख पुऱ्याउने र सञ्चयकर्ता सापटीको वार्षिक ब्याज असुली अनुपात नियमित तर्फ ८९ प्रतिशत र भाखा नाघेको ब्याज ७५ प्रतिशततक असुली गर्ने लक्ष्य निर्धारण गरिएको छ । यी लक्ष्यहरु आगामी ५ वर्षमा कोषले प्राप्त गर्नेतर्फ उन्मुख रहने सम्झौतामा उल्लेख छ। विस्तृत पृष्ठ २ मा

**सम्झौताका प्रमुख रणनीतिक स्तम्भहरु**

- कार्यक्षेत्र र दायरा विस्तार,
- वित्तीय श्रोतको दिगो व्यवस्थापन,
- सञ्चयकर्ता मैत्री सेवा प्रवाह,
- संस्थागत सुदृढीकरण र क्षमता विकास
- सूचना तथा प्रविधिको प्रभावकारी उपयोग

## अब सातै प्रदेशमा सञ्चय कोष




सञ्चयकर्तालाई स्थानीय स्तरमा नै सेवा प्रवाह गर्ने क्रममा कर्मचारी सञ्चय कोषले जनकपुरमा शाखा बिस्तार गरेको छ। कोषले पेठीया बजारस्थित कार्यालयबाट २०७५ जेष्ठ २१ गतेदेखि सेवा प्रारम्भ गरेको छ। सेवा शुभारम्भको उद्घाटन कोषका प्रशासक तुलसीप्रसाद गौतमबाट गरिएको थियो।

जनकपुर शाखा कार्यालयले प्रदेश नं. दुईका सञ्चयकर्ताका साथै उपयुक्तता र सहजताको आधारमा आसपासका अन्य क्षेत्रका सञ्चयकर्ताहरुलाई समेत लक्षित गरी सेवा प्रवाह गर्ने छ। शाखा कार्यालयबाट त्यस भेगका लगभग एक लाख सञ्चयकर्ता लाभान्वित हुन सक्ने कोषको अनुमान छ। यो कोषको १० औं शाखा हो।

विस्तृत समाचार पृष्ठ ५ मा

## बिराटनगर कार्यालय भवनको औपचारिक उद्घाटन



प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले विशेष कार्यक्रमबीच विराटनगरस्थित कोषको नवनिर्मित कार्यालय भवनको औपचारिक उद्घाटन गर्नु भएको छ।

उद्घाटन मन्तव्यका क्रममा मुख्य मन्त्री राईले सञ्चयकर्ताहरुलाई सेवाकालिन र अवकाश पछिको आवश्यकता भरथेग गर्ने संस्थाको रुपमा सञ्चयकोष रहेको भन्दै प्रदेशसंग स्रोत साधन न्यून रहेको अवस्थामा प्रदेश नं. १ को सरकार कोषसंग मिलेर काम गर्न इच्छुक रहेको बताउनु भयो। देशको ऊर्जा तथा पूर्वाधार विकासमा कोषको भूमिका उल्लेखनिय र काम कारवाही अत्यन्त प्रभावकारी रहेको चर्चा गर्दै मुख्य मन्त्री राईले कोषको नवनिर्मित आधुनिक भवनबाट आफ्ना सञ्चयकर्ताहरुलाई राम्रो सेवा प्रवाह हुने विश्वास व्यक्त गर्नु भयो।

विस्तृत समाचार पृष्ठ ५ मा



३
सञ्चयकर्ता **सन्तुष्टि सर्वेक्षण** सम्पन्न


८
योगदानमा आधारित **निवृत्तिभरण योजना**


पृष्ठ ६
कोषको दोस्रो **रणनीतिक योजना**


पृष्ठ ७
बजेट सम्बन्धी **छलफल कार्यक्रम**


पृष्ठ ९
**कोहलपुर, धनगढी र बुटवलको** अन्तर्क्रिया

# कोष प्रशासकमा गौतमको नियुक्ति



नेपाल सरकारका सह-सचिव तुलसी प्रसाद गौतम कर्मचारी सञ्चय कोषको प्रशासकमा नियुक्त हुनुभएको छ। नियुक्तिपछि २०७५ बैशाख १० गते गौतमले कोषमा पदबहाली गर्नु भएको छ।

नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा) को २०७५ बैशाख १० को पत्रानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ६क तथा अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धि मापदण्ड, २०७३ बमोजिम ५ (पाँच) वर्षको लागि गौतम प्रशासकमा नियुक्त हुनु भएको हो।

सह-सचिव गौतमलाई नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७५ बैशाख ५ को बैठकले कोषको प्रशासक पदमा नियुक्त गर्ने निर्णय गरेको थियो।







प्रशासक गौतमले नेपाल सरकार, अर्थमंत्रालयसँग आगामी ५ वर्षका लागि सम्पादन गर्नुपर्ने कामको मापनयोग्य लक्ष्य र सूचकहरु सहितको कार्य सम्पादन सम्झौता गरिसक्नु भएको छ। उहाँले नेपालको सार्वजनिक प्रशासनमा २७ वर्षदेखि नेपाल सरकारको विभिन्न जिम्मेवारीमा रही अनुभव प्राप्त गर्नु भएको छ।

आफ्नो पद बहालीका क्रममा प्रशासक गौतमले कोषमा कार्यरत रहुञ्जेल सञ्चयकर्ताको उच्चतम हित र कोषको छवी उच्च राख्न तथा उच्चस्तरको सँस्थागत सुशासन कायम राख्ने प्रतिवद्धता व्यक्त गर्नु भयो।

पदबहाली कार्यक्रममा कोषमा कार्यरत उच्च पदस्थ अधिकारी, कोषमा कार्यरत ट्रेड युनियनका पदाधिकारी लगायत अन्य कर्मचारीहरुले प्रशासक गौतमको सफल कार्यकालका लागि शुभकामना दिएका थिए।

# प्रशासक र अर्थमन्त्रालयबीच कार्यसम्पादन सम्झौता



**आगामी वर्षका प्रमुख लक्ष्यहरू**

- सञ्चयकर्ताको वृद्धि ६५ हजार
- कुल वित्तीय श्रोत ८५ अर्व
- पूर्वाधार क्षेत्रको लगानी र कुल लगानी अनुपात २५ प्रतिशत
- कर्मचारी आय ५०० लाख
- सापटीको व्याज असुली अनुपात ८९%
- भाखा नाघेको ब्याज असुली अनुपात ८९%

कोष सञ्चालक समितिका अध्यक्ष शिशिर कुमार ढुँगानाको रोहवरमा नेपाल सरकार अर्थ मंत्रालय र कोषका प्रशासक तुलसी प्रसाद गौतमबीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको छ।२०७५ जेठ ७ मा सम्पन्न उक्त सम्झौतालाई असार ३ गते बसेको सञ्चालक समितिको बैठकले अनुमोदन समेत गरेको छ। सम्झौतामा कोषलाई सुदृढ र गतिशिल सँस्थाको रुपमा विकास गर्न सम्झौतामा कार्यक्षेत्र र दायरा विस्तार, वित्तीय श्रोतको दिगो व्यवस्थापन, सञ्चयकर्ता मैत्री सेवा प्रवाह, सँस्थागत सुदृढीकरण र क्षमता विकास र सूचना तथा प्रविधिको प्रभावकारी उपयोगलाई आगामी ५ वर्षको प्रमुख रणनीतिक स्तम्भका रुपमा लिइएको छ।

सम्झौतामा, सञ्चयकर्ताको वार्षिक वृद्धि १५००० वाट क्रमशः ६५ हजार पुर्याउने, कुल वित्तीय श्रोतमा वार्षिक बृद्धि ३२ अर्वबाट ८५ अर्व पुर्याउने, पूर्वाधार विकास क्षेत्रको लगानी र कुल लगानी अनुपात १५ बाट २५ प्रतिशत पुर्याउने, प्रति कर्मचारी वार्षिक आय ३५० लाखबाट वृद्धि गराई ५०० लाख पुऱ्याउने र सञ्चयकर्ता सापटीको वार्षिक व्याज असुली अनुपात नियमित तर्फ ७५ प्रतिशत बाट ८९  प्रतिशत र भाखा नाघेको व्याज ५० बाट ७५ प्रतिशततक असुली गर्ने प्रमुख वित्तीय तथा परिमाणात्मक लक्ष्य रहेको छ। यो लक्ष्य आगामी ५ वर्षमा कोषले प्राप्त गर्नेतर्फ उन्मुख रहने सम्झौतामा उल्लेख छ।

यसैगरी सम्झौताको गुणात्मक लक्ष्यतर्फ प्रमुख रणनीतिक स्तम्भलाई नै आधार मान्दै स्वरोजगार तथा वैदेशिक रोजगार सञ्चय कोष योजना नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने, सञ्चयकर्ता तथा योगदानकर्तालाई कोषमा आवद्ध गर्ने सम्बन्धि मौजुदा कार्यविधि र प्रक्रियामा सुधार गर्ने, योगदानमा आधारित निवृत्तिभरण योजनाको कार्यान्वयन गर्ने, प्रत्येक प्रदेशमा कम्तिमा एउटा राष्ट्रिय प्राथमिकता प्राप्त नमुना परियोजनामा लगानी गर्ने, चितवनको जग्गामा सञ्चयकर्ता आवास योजना सञ्चालन गर्ने, प्रत्येक वर्षको नगद प्रवाहको विश्लेषणको आधारमा आर्थिक वर्षको प्रारम्भमै लगानी संरचना निर्धारण गरी कार्यान्वयन गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ।

यसैगरी केवाईसी फारमको माध्यमबाट कोषको डाटा बेसलाई विश्वसनिय बनाउने, हार्ड कपी फाँटवारीलाई क्रमिक रुपमा विस्थापन गर्ने, विद्युतिय माध्यमबाटै सञ्चयकर्तालाई सापटी सुविधा प्रदान गर्ने प्रणालीको विकास गर्ने, प्रविधिमा आधारित ई-सर्भिस तथा मोबाइल एपको प्रयोगका लागि प्रवर्द्धन र विकास गर्ने र मौजुदा सञ्चयकर्ता परिचयपत्रलाई विद्युतिय परिचयपत्रले प्रतिस्थापन गर्ने कार्यक्रमहरुलाई सम्झौतामा प्राथमिकता दिइएको छ।

सम्झौतामा उल्लेख अन्य प्रमुख कार्यक्रमहरुमा प्रत्येक विभाग तथा शाखा कार्यालयहरुको कार्य सम्पादन लक्ष्य र मापनयोग्य सूचकहरुको आधारमा व्यवस्थापनसँग कार्य सम्पादन सम्झौता गर्ने, वित्तीय विवरणमा नेपाल वित्तीय प्रतिवेदन मान NFRS को पूर्ण रुपमा अनुपालन गर्ने, कोषको कुल आयमा भएको वृद्धि र कार्य सम्पादन सम्झौताको उपलब्धिस्तरको आधारमा कर्मचारीहरुको विद्यमान सेवा सुविधाहरुमा पुनरावलोकन गर्ने, कोषको समग्र कार्य प्रक्रियाको पुनरावलोकन गरी सुधार गर्ने लगायत कोषको समग्र कार्य प्रक्रिया निर्धारण गरी Enterprise Resource Reengineering गरी सुधार गर्ने रहेका छन।

# सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न



कर्मचारी सञ्चय कोषले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षणको स्थलगत अध्ययन सम्पन्न गरेको छ। कोषले प्रदान गर्दै आएका विभिन्न सापटी एवं सामाजिक सुरक्षा सुविधा सम्बन्धमा सञ्चयकर्ताको धारणा तथा अपेक्षा बुझ्ने उद्देश्यले सन्तुष्टि सर्वेक्षण गरिएको हो। आगामी दिनमा कोषका सेवा सुविधालाई कसरी गुणस्तरीय, प्रभावकारी तथा छिटोछरितो प्रवाह गर्न सकिन्छ भन्नेमा सर्वेक्षणको जोड रहेको थियो।

कोषको योजना, अनुगमन तथा मुल्यांकन विभागद्वारा स्थलगत रुपमै पहिलो पटक यस्तो सर्वेक्षण गरिएको हो। सर्वेक्षणका लागि नौ शाखा कार्यालय र एक सेवाकेन्द्रमा सेवा लिन उपस्थितमध्ये नमूना छनौटमा परेका करिव ८०० सञ्चयकर्तालाई प्रश्नावली वितरण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो। साथै उपस्थित सञ्चयकर्ताहरु र सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा छलफल गरी राय तथा सुझाव सङ्कलन गरिएको थियो।

सर्वेक्षणको लागि विभागीय प्रमुख केदारनाथ गौतमको संयोजकत्वमा बरिष्ठ शाखा अधिकृत मुक्तिनाथ सुवेदी र शाखा अधिकृत राजेन्द्रविक्रम केसी लगायतका कर्मचारीहरुले स्थलगत अध्ययन गर्नुभएको थियो। छ वटा शाखा कार्यालयमा पुगि नमुना संकलन गरिएको थियो भने बाँकी शाखा कार्यालयहरुमा प्रश्नावलीहरु वितरण गरि संकलन गर्ने व्यवस्था गरिएको थियो। शाखा कार्यालयका प्रमुख एवं कर्मचारीहरुको सर्वेक्षण कार्यमा विशेष सहयोग रहेको थियो।

यसैबिच, स्थलगत सर्वेक्षणबाट प्राप्त परिणामलाई विश्लेषण गरी मस्यौदा प्रतिवेदनको रूपमा कोषका प्रशासक समक्ष प्रस्तुत गरिएको छ। प्रतिवेदन ग्रहण गर्दै प्रशासक तुलसीप्रसाद गौतमले सर्वेक्षण सम्पन्न भएकोमा विभागलाई धन्यवाद दिदैं प्रतिवेदन कोषका लागि मार्गदर्शकको रूपमा महत्वपूर्ण दस्तावेज हुने धारणा राख्नुभयो। हस्तान्तरण कार्यक्रममा मुख्य अधिकृतद्वय दीपक रौनियार र राजेन्द्र काफ्ले उपस्थित हुनुहुन्थ्यो।

सर्वेक्षणबाट प्राप्त तथ्यांकहरुको विश्लेषण गर्दा सञ्चयकर्ताहरुको कुल सन्तुष्टिको स्तर करिब ६६ प्रतिशत रहेको देखिएको छ। विभागीय प्रमुख गौतमका अनुसार आम सञ्चयकर्ताको सुक्ष्मतम सन्तुष्टिलाई अभिवृद्धि गर्न सेवा तथा सुविधाहरुमा समयानुकुल पुनरावलोकन गर्नुपर्ने अध्ययनको निष्कर्ष रहेको छ।

हाल कोषले विभिन्न सापटी सुविधा एवं सामाजिक सुरक्षा सुविधाबाट सञ्चयकर्तालाई लाभान्वित तुल्याइरहेको छ भने इ-सर्भिस, डाटा इम्पोर्ट, एस.एम.एस., टेलिकोष, नोटिसबोर्ड सेवा जस्ता माध्यमबाट कोषको सेवाप्रवाहलाई सहज तुल्याउने प्रयास गरिरहेको छ।

# रौनियार प्लेनरी प्यानल स्पीकर



कोषका मुख्य अधिकृत दीपक रौनियारले पेन्सन फन्ड र सामाजिक सुरक्षा सम्बन्धि एक अन्तर्राष्ट्रिय कार्यक्रमलाई प्लेनरी प्यानल स्पीकरको रुपमा सम्बोधन गर्नु भएको छ।

APIC – Japan World Pension and Social Security System Summit मा रौनियार प्लेनरी प्यानल स्पीकरको रुपमा मनोनयन हुनु भएको थियो। २०७५ असार ७ देखि २०७५ असार ८ गतेसम्म जापानमा सो कार्यक्रमको आयोजना भएको थियो।

# कोष परिसरमा वृक्षारोपण




अन्तर्राष्ट्रिय वातावरण दिवश, ५ जुन २०१७ का अवसरमा कोषका प्रशासक तुलसी प्रसाद गौतमले बृक्षारोपण गर्नु भएको छ।

गौतमले पुल्चोकस्थित कोषको मुख्य कार्यालय परिसरमा बृक्षारोपण गर्नु भएको हो। वृक्षारोपण कार्यक्रममा कोष व्यवस्थापन लगायत कर्मचारीहरुको उत्साहजनक सहभागिता रहेको थियो। कोषको हेटौडा, धनगढी, विराटनगर, पोखरा र अन्य शाखा कार्यालयहरुमा समेत धुपी, सल्ला, चिलाउने लगायतका विभिन्न जातजातिका विरुवा रोपेर बृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो। विश्व वातावरणमा आइरहेको उतार चढाव र जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई न्युनिकरण गर्न यो वृक्षारोपण कार्यले आवश्यक सचेतना अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। हरेक वर्षको जुन ५ लाई अन्तर्राष्ट्रिय वातावरण दिवशका रुपमा मनाईदै आएको छ।

# जिम्मेवारी हेरफेर





कोषका मुख्य अधिकृतद्वय दीपक रौनियार र राजेन्द्र काफ्लेको जिम्मेवारी हेरफेर भएको छ।

कोष व्यवस्थापनको निर्णय अनुसार २०७५ बैशाख १२ देखी लागु हुने गरी मुख्य अधिकृत दीपक रौनियारलाई संस्थागत व्यवस्थापन तथा मुख्य अधिकृत राजेन्द्र काफ्लेलाई कार्य सञ्चालनतर्फको जिम्मेवारी तोकिएको हो।

यसअघि, पदपूर्ति समितिको सिफारिस बमोजिम सञ्चालक समितिको निर्णयअनुसार २०७४ पौष १३ देखि लागू हुने गरी उहाँहरु मुख्य अधिकृत पदमा बढुवा हुनुभएको थियो।

योगदानमा आधारित निवृत्तिभरण योजना

# योजना सञ्चालन गर्न कोष तयार : प्रशासक गौतम

योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालन गर्न कर्मचारी सञ्चय कोषले सरकार समक्ष इच्छा व्यक्त गरेको छ।

तत्कालै ऐन कार्यान्वयनमा आउन समय लाग्ने भएकाले कार्यविधि बनाएर भए पनि कोषमार्फत यो योजना अघि बढाउन खोजिएको हो।

नयाँ योजना अघि बढाउन आफूहरु तयार रहेको भन्दै तत्काल निर्णय गरिदिन सरकारसँग आग्रह गरिएको कोषका प्रशासक तुलसीप्रसाद गौतमले विजमान्डु अनलाइनलाई जानकारी गराए। २०७५ साउन १ गतेदेखि कार्यान्वयन गर्ने गरी आउँदो आर्थिक वर्षको बजेटमार्फत उक्त योजनाको घोषणा गरिएको थियो। अनलाइनका अनुसार प्रशासक गौतमले आफूहरुले यस्ता योजना कार्यान्वयन गर्न समस्या नरहेको जानकारी अर्थ मन्त्रालयलाई गराएको भन्दै सरकारले जिम्मेवारी दिए काम गर्न तयार रहेको बताए। योगदानमा आधारित निवृत्तिभरण योजना अघि बढाउन मन्त्रिपरिषदबाट विधेयक स्वीकृत भई संसदमा जाने प्रक्रियामा छ। यो योजनामा सहभागी हुन चाहने वा अवकाशपछि पेन्सन लिन चाहने कर्मचारीका तर्फबाट मासिक १० प्रतिशत र सरकारले त्यति नै थपेर पेन्सन कोष बनाउने प्रस्ताव विधेकमा गरिएको छ। तर, अवकाशपछि पेन्सन नचाहने र उपदान लिएर घर फर्कने कर्मचारी भने यो योजनामा सहभागी हुनेछैनन।

आव २०७५/७६ को बजेटमा साउन १ गतेपछि सरकारी सेवामा प्रवेश गर्ने कर्मचारीलाई यो योजनामा सहभागी गराइने उल्लेख छ। यस योजनामा सहभागी हुने कर्मचारीले २०९५ साउन १ गतेपछि आफैँले गरेको योगदानअनुसार पेन्सन लिनेछन। सरकारले निवृत्तिभरणका लागि वार्षिक ४५ अर्ब रुपैयाँ व्यहोर्दै आएको सन्दर्भमा यसको आर्थिक भारबाट बच्न नयाँ विकल्पका रुपमा योगदानमा आधारित निवृत्तिभरण योजना अघि बढाउन लागेको हो।

कोषले सरकारी र संस्थागत क्षेत्रका कर्मचारीको सञ्चित रकम विगत ५६ वर्षदेखि व्यवस्थापन गर्दै आएको छ।



---

सापटी प्रवाह र असुली सम्बन्धी प्रतिवेदन पेश

# विद्यमान प्रक्रियामा सुधारको खाँचो



कोषबाट प्रवाह भइरहेका विभिन्न सापटीहरुको प्रवाह र असूलीमा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययन गर्न गठित कार्यदलले प्रशासक तुलसीप्रसाद गौतम समक्ष प्रतिवेदन पेश गरेको छ।

कोषले प्रवाह गरेका सापटी एवं असूली प्रक्रियाको विद्यमान अवस्था अध्ययन गरि राय सुझाव सहित प्रतिवेदन पेश गर्न कार्यदल गठन भएको थियो। योजना, अनुगमन तथा मुल्यांकन विभागका विभागीय प्रमुख केदारनाथ गौतमको संयोजकत्वमा गठित कार्यदलमा ना.मु.अ. जीवनकुमार कट्वाल, ना.मु.अ. भरत राज वस्ती, का.मु.ना.मु.अ. बिजयकुमार श्रेष्ठ, का.मु.बरिष्ठ प्रबन्धक महेश प्रसाद खनाल र का.मु.बरिष्ठ प्रबन्धक मदन सुवेदी हुनुहुन्थ्यो भने शाखा अधिकृत राजेन्द्रविक्रम केसी तथा ब.क.स. निरज रिजालले विशेष सहयोगी भूमिका निर्वाह गर्नुभएको थियो।

प्रतिवेदन हस्तान्तरण गर्दै संयोजक गौतमले सापटीहरुको विस्तृत अध्ययनको निष्कर्षस्वरुप सञ्चकर्ता सापटी असूलीलाई थप प्रभावकारी बनाउन विभिन्न सुझावहरु सिफारिश गरिएको बताउनुभयो। प्रतिवेदनको सुझावहरु कार्यान्वयन भई सञ्चयकर्ताको हित र कोषको आय अभिबृद्धि हुनेमा कार्यदलका सदस्यहरुले विश्वास व्यक्त गर्नुभएको थियो।

प्रतिवेदन ग्रहण गर्दै प्रशासक गौतमले प्रतिवेदन अध्ययनपश्चात् प्रतिवेदनमा दिइएका निष्कर्ष र सुझावलाई समेटेर उपयुक्त नीतिगत निर्णय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यदलले प्राप्त कार्यादेश अनुरुप सरोकारवालासँगको अनौपचारिक छलफल, अन्तर्क्रिया तथा विगतमा गरिएका विभिन्न अध्ययनहरुको आधारमा प्रतिवेदन तयार पारेको जनाएको छ। प्रतिवेदन तयारीका क्रममा सम्बन्धित विभागहरुबाट प्राप्त सूचना तथा तथ्याङ्कहरु एवं पछिल्लो वर्षहरुको कर्जा प्रवाह र असुलीको प्रवृत्ति, समग्र कर्जाको प्रवाह र असूलीको तुलनात्मक अवस्था समेत विस्तृत रुपमा अध्ययन र विश्लेषण गरिएको थियो। सञ्चयकर्ताको आवश्यकता तथा कर्जा चुक्ता गर्ने क्षमतालाई मध्यनजर गर्दै विशेष सापटीलाई ८० प्रतिशत कायम गर्ने, घर सापटीलाई हालको रु.एक करोडबाट घटाई रु.६० लाख कायम गर्ने तथा सरल चक्र कर्जालाई २५ लाखमा सिमित गर्नुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ। यस्तै कोषको स्रोत परिचालन गर्दा प्रतिफलसँगै सुरक्षाको विषय पनि महत्वपूर्ण हुने भएकोले कर्जा तथा सापटीहरुको संरचनामा समयानुल पुनरावलोकन गर्नुपर्ने सुझाव समेत प्रतिवेदनमा सिफारिश गरिएको छ।

कोषले आ.व.२०७३/७४ मा सञ्चयकर्ता कर्जा तथा सापटीमा रु. एक खर्ब ४१ करोड प्रवाह गरेको तथ्यांक छ। यो कोषको कुल लगानीको करिब ५७ प्रतिशत हो।

---

मुख्य अधिकृत

# रौनियारलाई पत्नीशोक



कर्मचारी सञ्चय कोषका मुख्य अधिकृत श्री दीपक रौनियारकी धर्मपत्नी सुरुची रौनियारको यहि २०७५ असार २४ गते दुःखद निधन भएको छ। सोही दिन नातेदार तथा शुभचिन्तकहरुबीच पशुपति आर्यघाटमा उहाँको अन्त्यष्टि गरिएको छ।

दिवंगत श्रीमति रौनियार क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो।

श्रीमती रौनियार दिवंगत भएबाट मुख्य अधिकृत दिपक रौनियार र उहाँको परिवारमा परेको शोकले हामी कोष परिवार स्तब्ध भएका छौं। यस दुःखद घडिमा उहाँहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस र मृतात्मालाई चीर शान्ति मिलोस भन्ने कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

# जनकपुरमा शाखा कार्यालय



कर्मचारी सञ्चय कोषले जनकपुरको पेठीया बजारस्थित आफ्नो शाखा कार्यालयबाट सेवा प्रारम्भ गरेको छ। सेवा प्रारम्भको उद्घाटन २०७५ जेष्ठ २१ गते कोषका प्रशासक तुलसीप्रसाद गौतमले गर्नु भयो।

जनकपुर शाखा कार्यालयले सिरहा, सप्तरी धनुषा, महोत्तरी, उदयपुर, सर्लाही, सिन्धुली, ओखलढुँगा तथा उपयुक्तता र सहजताको आधारमा आसपासका अन्य जिल्लाहरुका सञ्चयकर्ताहरुलाई समेत लक्षित गरी सेवा प्रवाह गर्ने छ।

शाखा कार्यालयबाट त्यस भेगका लगभग एक लाख सञ्चयकर्ता लाभान्वित हुन सक्ने कोषको अनुमान छ। शाखा कार्यालयबाट विशेषतः विशेष सापटी, कोष भुक्तानी, परिचय पत्र समर्थन, फाँटवारी सँकलन लगायत सञ्चयकर्तासँग सम्बन्धित अन्य सेवा समेत प्राप्त हुने प्रशासक गौतमले बताउनु भयो। कोषले घर सापटी, शैक्षिक सापटी र सरलचक्र कर्जा जस्ता ऋण सुविधा र सामाजिक सुरक्षण अन्तर्गत दुर्घटना क्षतिपूर्ति, सुत्केरी स्याहार, काजक्रिया अनुदान र औषधि उपचार जस्ता सुविधा सञ्चयकर्तालाई प्रदान गर्दै आएको छ।

सामाजिक सुरक्षणको क्षेत्रमा अग्रणी मानिएको कर्मचारी सञ्चय कोषले अब जनकपुर सहित सातै प्रदेशमा शाखा कार्यालय मार्फत आफ्नो सेवा प्रवाह गर्नेछ। हाल कोषमा ५ लाख ५० हजार सञ्चयकर्ता सदश्य रहेका छन्, भने आ.व. २०७३/०७४ सम्म कोषले २ खर्ब ५५ अर्व रुपैयाँ बराबरको स्रोत परिचालन गरेको छ।

# कार्यालय भवनको औपचारिक उद्घाटन




प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले विशेष कार्यक्रमबीच विराटनगरस्थित कोषको नवनिर्मित कार्यालय भवनको औपचारिक उद्घाटन गर्नु भएको छ।

उद्घाटन मन्तव्यका क्रममा मुख्य मन्त्री राईले सञ्चयकर्ताहरुलाई सेवाकालिन र अवकाश पछिको आवश्यकता भरथेग गर्ने संस्थाको रुपमा सञ्चयकोष रहेको भन्दै प्रदेशसंग स्रोत साधन न्यून रहेको अवस्थामा प्रदेश नं. १ को सरकार कोषसंग मिलेर काम गर्न इच्छुक रहेको बताउनु भयो। देशको ऊर्जा तथा पूर्वाधार विकासमा कोषको भूमिका उल्लेखनिय र काम कारवाही अत्यन्त प्रभावकारी रहेको चर्चा गर्दै मुख्य मन्त्री राईले कोषको नवनिर्मित आधुनिक भवनबाट आफ्ना सञ्चयकर्ताहरुलाई राम्रो सेवा प्रवाह हुने विश्वास व्यक्त गर्नु भयो।

२०७५ वैशाख २१ गते सम्पन्न उद्घाटित उक्त भवनको काठमाण्डौं मैतिदेवी स्थीत भिस्व कन्सल्टेन्सी र नेपाल सरकार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, सडक डिभिजन कार्यालय विराटनगर अन्तरगत इटहरीमा रहेको ल्यावबाट भवनको गुणस्तर परिक्षण गरिएको थियो। शिलान्यास भएको दिनदेखि नै साइट इन्जिनियरको रोहबरमा सम्पूर्ण निर्माण कार्यहरु भएको उक्त भवन निर्माणका लागि २ करोड ८६ लाख ५२ हजार १६७ रुपैयाँ खर्च भएको थियो। कुल स्वीकृत निर्माण लागत ३ करोड ९ लाख २८ हजार ३७१ मा २२ लाख ७६ हजार १६७ अर्थात ७.३६ प्रतिशत लागत न्युन रहेको छ। उद्घाटन कार्यक्रमपछि मुख्य मन्त्री राईले नवनिर्मित भवनको अवलोकन समेत गर्नु भएको थियो।

मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री राम प्रसाद आचार्यले कोषको नवनिर्मित भवन अत्याधुनिक र विराटनगर कै नमूना भवन रहेको भन्दै कोषले कर्मचारीको आर्थिक विकास र राष्ट्र विकासमा उल्लेख्य योगदान गरिरहेको र आगामी दिनमा उक्त कार्यहरुमा अझ बढी सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्नु भएको थियो।

कोषका प्रशासक तुलसी प्रसाद गौतमले सञ्चयकर्ताहरुलाई स्थानिय स्तरमा सेवा सुविधा सरल र सहज रुपमा उपलब्ध गराउन आगामी ५ वर्ष भित्र सम्पूर्ण शाखा कार्यालयहरुलाई आफ्नै भवन निर्माण गरी सेवा प्रवाह गर्नुका साथै सञ्चयकर्ताहरुलाई कार्यालयमा नै नआई इसर्भिसको माध्यमबाट सेवा सुविधा उपलब्ध गराउने तर्फ कोष क्रियाशिल रहेको जानकारी गराउनु भएको थियो।

कार्यक्रमको सभापति कोषका मुख्य अधिकृत श्री राजेन्द्र काफ्लेले कोषको समग्र विषयहरु जानकारी गराउदै मुख्यमन्त्रीबाट संचयकोष ऐन शंसोधनमा खेल्नु भएको सकारात्मक भूमिकाको प्रशंसा गर्दै शाखा कार्यालयको यस भवन निर्माणमा अहोरात्र खटिने आयोजना प्रमुख, साइट इन्जिनियर र निर्माण व्यवसायीलाई विशेष धन्यवाद दिनु भएको थियो।

कार्यक्रममा उपस्थितहरुलाई स्वागत गर्दै शाखा कार्यालयका कार्यालय प्रमुख तथा आयोजना प्रमुख शान्ता गौतमले सम्पूर्ण अतिथिहरुलाई आयोजनाको प्रतिवेदन तथा शाखा कार्यालयको समग्र गतिविधिको बारेमा प्रकाश पार्नु भएको थियो।

कार्यक्रममा प्रदेश नं. १ का माननिय सामाजिक विकास मन्त्री श्री जीवन घिमिरे, आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्की, कोषका अधिकृत एवं कर्मचारी लगायत सुनसरी, मोरङ, झापामा रहेका क्षेत्रीय तथा जिल्ला कार्यालयका कार्यलय प्रमुखहरुको समेत उपस्थिति रहेको थियो।



## कोषको दोस्रो रणनीतिक योजना

# योजनालाई पूर्णता दिन कोष प्रतिबद्ध : प्रशासक


कोषले आगामी ५ वर्षको लागि रणनीतिक योजना तर्जुमा गरेको छ। कोषमा आयोजित एक कार्यक्रमका बिच रणनीतिक योजना २०७५/७६-२०७९/८० प्रस्तुत गरिएको हो। यो कोषमा लागू हुने दोस्रो रणनीतिक योजना हो।

आषाढ १ मा कोषमा आयोजित अन्तरक्रिया कार्यक्रममा रणनीतिक योजना तयारी कार्यदलले कार्यपत्र प्रस्तुत गरेको थियो। कार्यदल विभागीय प्रमुख जितेन्द्र धितालको संयोजकत्वमा विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठ, विभागीय प्रमुख जीवनकुमार कट्वाल, विभागीय प्रमुख अर्जुनकुमार गौतम, वरिष्ठ प्रबन्धक ध्रुव अधिकारी सदस्य रहनुभएको थियो। कोषको रणनीतिक योजना एवं कोषका प्रशासक र नेपाल सरकारबीच भएको कार्यसम्पादन सम्झौताको सम्बन्धमा तयारी कार्यदलको तर्फबाट विभागीय प्रमुख जितेन्द्र धिताल एवं विभागीय प्रमुख अर्जुनकुमार गौतमले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यदलले रणनीतिक योजनामा कोषको आन्तरिक र बाह्य पक्षको विश्लेषण, विद्यमान अवस्थाको पहिचान, रणनीतिक सोच, रणनीतिक सोचको कार्यान्वयनबाट अपेक्षित परिणाम र कार्यान्वयन, अनुगमन एवं मुल्यांकन प्रणालीबारे विस्तृत विश्लेषणसहितको योजना प्रस्तावित गरिएको जानकारी दिएको छ।

कार्यक्रममा कार्यदलको कार्यपत्र उपर सहभागीहरुले आफ्नो धारणा राख्नु भएको थियो। सहभागीहरुले रणनीतिक योजना कोषको सन्दर्भमा कोशेढुंगाको रुपमा रहेकोले अपेक्षित उद्देश्य हसिल गर्न निश्चित कार्यविधि सहित जनशक्तिलाई उत्प्रेरित गर्ने तर्फ जोड दिनुपर्ने धारणा राख्नुभएको थियो।

मुख्य अधिकृत राजेन्द्र काफ्लेले भोलिका दिनमा कोषलाई थप संवृद्ध र विश्वासिलो संस्थाको रुपमा अगाडि बढाउनुपर्ने चुनौतीसँगै अवसर पनि कोषका सामू रहेकोले सबैको साझा अपनत्व सहित रणनीतिक योजनाका लक्ष्यहरु प्राप्तितर्फ सबैको सक्रियताको खाँचो रहेको औल्याउनुभयो। यस्तै मुख्य अधिकृत दिपक रौनियारले उद्यम, साहस, धैर्य र प्रतिबद्धताले जुनसुकै लक्ष्यलाई पनि सम्भव बनाउने दृष्टान्त पेश गर्दै सबैको साझा प्रतिबद्धताले रणनीतिक योजनालाई सफल बनाउने बिश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा बोल्दै प्रशासक तुलसीप्रसाद गौतमले मञ्चमा उठेका विचारहरुलाई व्यवस्थित तुल्याएर रणनीतिक योजनालाई पूर्णता दिन व्यवस्थापन प्रतिबद्ध रहेको बताउनु भएको छ।




कार्यक्रममा प्रशासक सहित मुख्य अधिकृतद्वय, वरिष्ठ कार्यकारी मञ्चका संयोजक एवं सदस्यहरु (विभागीय प्रमुखहरु, वरिष्ठ प्रबन्धकहरु, प्रबन्धकहरु, शाखा कार्यालयका प्रमुखहरु), कोषमा क्रियाशील तीन वटै कर्मचारी प्रतिनिधि संघ/संगठनको सक्रिय सहभागिता रहेको थियो। अन्तर्क्रिया कार्यक्रममा भएको छलफल एवं निष्कर्षहरुलाई समेटदै कोषको रणनीतिक योजनालाई पूर्णता दिइने जनाइएको छ।

## बरिष्ठ कार्यकारी मञ्च पुनर्गठन

कोषको बरिष्ठ कार्यकारी मञ्चको पुनर्गठन गरिएको छ। मञ्चलाई समयानुकुल गतिशिल बनाउन २०७५ जेष्ठ २० को निर्णयानुसार पुनर्गठन गरिएको हो। मञ्चमा कोषमा कार्यरत प्रबन्धक, बरिष्ठ प्रबन्धक एवं विभागीय प्रमुखहरु रहनुभएको छ।

| समूह | संयोजक |
|---|---|
| सामाजिक सुरक्षा कार्यक्रम अनुसन्धान तथा विकास समूह | केदारनाथ गौतम |
| सेवा प्रवाह व्यवस्थापन समूह | जीवन कुमार कट्वाल |
| वित्तीय स्रोत व्यवस्थापन समूह | भरतराज वस्ती |
| संगठन, व्यवस्थापन तथा नवप्रवर्तन समूह | ओमकृष्ण श्रेष्ठ |
| सूचना तथा सञ्चार प्रविधि समूह | जीतेन्द्र धिताल |

यसैबिच, कोषको रणनीतिक योजना र कोषका प्रशासक र नेपाल सरकारबीच भएको कार्यसम्पादन सम्झौताको आधारमा मञ्चले गर्नुपर्ने आगामी कार्यबारे छलफल भएको छ। कोषको केन्द्रीय कार्यालय पुल्चोकमा भएको छलफलमा कोषको व्यवस्थापन समूहको सहभागीता रहेको थियो।

कार्यक्रममा मुख्य अधिकृत दीपक रौनियारले रणनीतिक योजना कार्यान्वयनको लागि मञ्चको महत्वपूर्ण भूमिका रहने बताउनुभयो। मुख्य अधिकृत राजेन्द्र काफ्लेले शुरुवातमा मञ्चको गठनप्रति कर्मचारी संगठनहरु सशंकित रहेको देखिएकोमा हाल विश्वासको वातावरण कायम रहेको र आगामी दिनमा पर्यवेक्षकको रुपमा सहयोगी भूमिका खेल्न सक्ने धारणा राख्नुभयो। कोषका प्रशासक तुलसीप्रसाद गौतमले समस्त टिमवर्कबाट रणनीतिक योजनालाई सफल बनाउन मञ्चले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

ज्ञान व्यवस्थापनको अवधारणा अनुरुप व्यवस्थापन समूहको सहभागीतामा निर्णय क्षमता एवम् नेतृत्वकला विकास गर्ने र कोषलाई निरन्तर सिक्ने संगठनको रुपमा विकास गर्ने उद्देस्यले मिति २०७०।०३।२३ को निर्णयानुसार मञ्चको गठन भएको थियो।



## नियुक्तिका लागि सिफारिस

कोषको विज्ञापन नम्बर १६/०७३/७४ शाखा अधिकृत पद (कानून) तह ६ प्रशासन सेवाका लागि भएको प्रतिष्पर्धात्मक परिक्षामा पवित्रा कुमारी थापा नियुक्तिका लागि सिफारिस हुनु भएको छ।

त्यसैगरी विज्ञापन नम्बर १४/०७३/७४ शाखा अधिकृत पद तह ६ प्रशासन सेवाका लागि भएको परिक्षामा रमेश पंगेनी र नविन ढुंगाना नियुक्तिका लागि सिफारिस हुनु भएको छ। विज्ञापन नम्बर १५/०७३/७४ महिला शाखा अधिकृत पद तह ६ प्रशासन सेवाका लागि भएको परिक्षामा एकता बस्ताकोटी नियुक्तिका लागि सिफारिस हुनु भएको छ।

यस्तै, विज्ञापन नम्बर १७/०७३/७४ खुला प्रमुख सहायक पद तह ५ प्रशासन सेवाको लागि भएको परिक्षामा उत्तिर्ण अम्बिका घिमिरे, कल्पना चटौत, राजेन्द्र सुवेदी, फाल्गुणी धिमाल, रुपराज शर्मा, तारा कँडेल, सुदिप श्रेष्ठ, सुष्मा थापा, सिमरान शाक्य, रामकृष्ण आचार्य, विना भट्टराई, सन्तोष सापकोटा र गायत्री कार्की नियुक्तिका लागि सिफारिस हुनु भएको छ। त्यसैगरी विज्ञापन नम्बर १८/०७३/७४ महिला प्रमुख सहायक पद तह ५ सेवा प्रशासनको लागि भएको परिक्षामा उत्तिर्ण सोनिया तण्डुकार, दीपा ढकाल र पूजा पौड्याल नियुक्तिका लागि सिफारिस हुनु भएको छ।

यसैबिच, सिफारिस हुनुभएका सबै कर्मचारीहरुलाई २०७५ आषाढ १४ मा नियुक्तिपत्र प्रदान गरिएसँगै विभिन्न शाखा तथा कार्यालयमा पदस्थापन गरिएको छ।

# वार्षिक कार्यक्रम र बजेट सम्बन्धी
# अन्तर्क्रिया तथा छलफल सम्पन्न

कर्मचारी सञ्चय कोषले वार्षिक कार्यक्रम तथा वजेट समिक्षा र तर्जुमा गोष्ठि सम्पन्न गरेको छ । चालु बजेटको समिक्षा तथा प्रस्तावित बजेट उपर छलफलको लागि २०७५ जेष्ठ ३१ देखि आषाढ १ सम्म केन्द्रीय कार्यालय, पुल्चोकमा कार्यक्रम सञ्चालन भएको थियो ।

आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम तथा बजेटको समिक्षा गर्दै शुरु भएको कार्यक्रममा बरिष्ठ प्रबन्धक ध्रुबप्रसाद अधिकारीले आ.व. २०७५/७६ को प्रस्तावित बजेटको प्रारम्भिक खाका प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बजेट तथा कार्यक्रमको पृष्ठभूमि, चालु बजेटको समिक्षा सहित प्रस्तावित बजेटका उद्देश्य तथा कार्यक्रमहरुबारे प्रकाश पारिएको थियो । प्रस्तुतिमा आ.व. २०७५/०७६ को योजना र बजेट, कर्मचारी मुल्यांकनको व्यवस्था, कर्जा ब्यवस्थापन, कार्यसंचालन ब्यवस्थापन आदी जस्ता विषय समेटिएका थिए ।

मुख्य अधिकृत राजेन्द्र काफ्लेले प्रशासकज्यूको नेपाल सरकारसँगको कार्यसम्पादन सम्झौता र प्रस्तावित रणनीतिक योजनाको पूर्वाधारको रुपमा आगामी बजेट रहने धारणा राख्नुभयो । विगतको बजेटको समिक्षा सहित नीति तथा विशेष कार्यक्रम सहित आगामी बजेट थप परिस्कृत हुने उहाँको धारणा थियो ।

मुख्य अधिकृत दीपक रौनियारले बजेट निर्माणको शुरुवात मात्र भएको र व्यापक छलफल र अन्तर्क्रिया सहित थप परिमार्जन सहित आगामी बजेटको तर्जुमा हुने विश्वास व्यक्त गर्नुभयो ।

कोषका १० वटै विभागका विभागीय प्रमुखहरुले विभागको चालु कार्यक्रमको प्रगति समिक्षा सहित आगामी आ.व.को लागि कार्यक्रम तथा बजेट प्रस्ताव गर्दै उक्त कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभागका प्रमुख जीवन कुमार कट्वालले विशेष कार्यक्रमलाई प्रशासक र नेपाल सरकारबीचको कार्यसम्पादन सम्झौता (MOU) सँग सामञ्जस्य हुनेगरी पूर्णता दिनुपर्ने धारणा राख्नुभयो । कट्वालले विभागको चालु बजेटको समिक्षा प्रस्तुत गर्दै लगानीको पोर्टफोलियोलाई पुनरावलोकन गर्नुपर्ने तथा सञ्चयकर्ता कर्जाको भारलाई घटाउनुपर्ने बिचार राख्नु भएको थियो । योजना, अनुगमन तथा मुल्यांकन विभागका प्रमुख केदारनाथ गौतमले सामुहिक आवास परियोजनाको लागि आगामी बजेटमा स्पष्ट योजना सहितको खाका आउनुपर्ने धारणा व्यक्त गर्नुभयो । सञ्चयकर्ता कर्जा तथा असुली विभागका प्रमुख विजयकुमार श्रेष्ठले आगामी कार्यक्रम तथा बजेटले दायरा विस्तारमा आक्रामक हुनुपर्ने तथा चुनौतीपूर्ण लक्ष्य सहित प्रस्तुत हुनपर्ने धारणा राख्नुभएको थियो । सूचना तथा सञ्चार प्रविधि विभागका प्रमुख रोचन श्रेष्ठले चालु कार्यक्रममा विभागका तर्फबाट समेटिएका ४ वटा विषयवस्तुको प्रगती सन्तोषजनक रहेको बताउनुभयो ।

यस्तै भवन निर्माण तथा आवास व्यवस्थापन विभागका प्रमुख विष्णु पौडेलले बिराटनगर भवन निर्माण, कोहलपुरमा भवन निर्माणको लागि तयारी अगाडि बढाइएको लगायतका प्रगती भएतापनि भाडा असुली प्रक्रिया चुनौतीको रुपमा रहेको बिचार व्यक्त गर्नुभयो । उहाँले सञ्चयकर्ता आवास योजनाको लागि कार्यक्रम प्रस्ताव गरिएको बताउनुभयो । परियोजना विश्लेषण तथा जोखिम व्यवस्थापन विभागका प्रमुख भरतराज वस्तीले कोषले प्रस्ट लक्ष्यसहितका रणनीतिक कार्यक्रमहरु अगाडि बढाउनुपर्ने धारणा राख्नुभएको थियो ।

लगानी विभागका प्रमुख अर्जुन कुमार गौतमले बढोत्तरी नभएर शुन्यमा आधारित कार्यक्रम बजेटलाई आधारको रुपमा लिनुपर्ने बिचार राख्नुभयो । यस्तै आन्तरिक लेखा परीक्षण विभागका प्रमुख जितेन्द्र धितालले पछिल्लो प्रवृत्तिलाई हेर्दा बजेटमा सामान्य मात्र प्रगति देखिएबाट बजेटको शीर्षकअनुसार समग्र समिक्षा हुनुपर्ने र सो को मूल्यांकनबाट आगामी बजेटलाई थप सुधार गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा शाखा कार्यालयका तर्फबाट प्रमुखहरु रामजकाजी केसी, महेन्द्र शाक्य, टोपाराम पण्डित, रबि तामाङ्ग, दिलिपराज पौडेल, ध्रुब भट्टराई, शान्ता गौतम, तेजप्रसाद खनाल र राजेन्द्र लामिछानेले आ/आफ्नो धारणा राख्नुभएको थियो । साथै भर्खरै पदस्थापन हुनुभएको बिरेन्द्र पौडेल, सुवास खड्का र दर्शन भट्टराईले प्रस्तावित सुझावसहित बजेटप्रति प्रतिवद्धता जाहेर गर्नुभएको थियो । यस्तै युनियनको तर्फबाट नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष रामप्रसाद राईले शाखा कार्यालयहरुलाई प्रादेशिक सरकारको परियोजनामा लगानी गर्न भनिएकोले सोही अनुरुप पुनःसंरचना हुनुपर्ने धारणा राख्नुभयो । वित्तीय संस्था कर्मचारी युनियनका प्रतिनिधि उमेश सुवेदीले बजेटमा अनुसन्धान तथा विकासलाई जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो । सञ्चयकोष कर्मचारी संघका अध्यक्ष धर्मप्रसाद मैनालीले विद्यमान बजार प्रतिस्पर्धामा कोषलाई अब्बल सावित गर्न मानव संसाधन विकासमा जोड दिनुपर्ने बिचार व्यक्त गर्नुभयो । कर्मचारीको मनोवल बृद्धि भएमा मात्र कोषको निर्धारित लक्ष्य तथा उद्देश्य हसिल हुने उहाँको धारणा थियो ।






**क) बजेटका उद्देश्य तथा कार्य**

- कर्मचारी सञ्चय कोष ऐन, २०१९ ले दिएको थप अधिकार तथा कार्यक्षेत्र

**ख) लक्ष्य तथा रणनीतिको आधार**

- सञ्चालक समितिको बैठक (नं. १३५०) बाट स्वीकृत न्यूनतम लक्ष्य तथा कार्यक्रम, रणनीति तथा कार्यनीतिहरु,
- नेपाल सरकार, अर्थमन्त्रालय र कर्मचारी सञ्चय कोषका प्रशासकबीच सम्पन्न कार्यसम्पादन सम्झौतामा उल्लिखित लक्ष्य तथा रणनीतिहरु ।

**ग) निर्वाह गर्नपर्ने भूमिका**

- श्रोत परिचालन
- आकर्षक प्रतिफल
- सामाजिक सुरक्षा
- प्रतिस्पर्धात्मक क्षमताको विकास

| बजेट शीर्षक | आ.व. २०७५/७६ को लागि प्रस्तावित बजेट |
|---|---|
| सञ्चालन खर्च बजेट | १८७,५७८,००० |
| कर्मचारी खर्च बजेट | ९७२,९९७,००० |
| विशेष कार्यक्रम बजेट | २०,०००,००० |
| पूँजीगत खर्च बजेट | १८७,६०५,००० |
| सञ्चयकर्ता आवास योजना | ८००,०००,००० |
| निर्माणाधिन सम्पत्ति बजेट | १०९,६००,००० |
| ब्याज तथा अन्य खर्च बजेट | २५,३२४,६३७,००० |
| जम्मा बजेट | २७,६०२,४१६,००० |

प्रशासक तुलसीप्रसाद गौतमले वर्तमान चुनौतीहरुको सामना गर्न कोषको सेवा प्रवाहमा पनि व्यापक सुधार हुनुपर्ने आवश्यकता औंल्याउनु भयो । कोषको सापटी सुविधालाई वैकिङ्ग प्रणालीमार्फत सहज रुपमा प्रवाह गर्ने सम्वन्धमा छलफल शुरु भएको जनाउँदै प्रशासक गौतमले आगामी बजेट तथा कार्यक्रमले कोषको Business Process Reengineering को लागि स्पष्ट खाका प्रस्तुत गर्ने बताउनुभयो । छलफललाई समापन गर्दै प्रशासक गौतमले कार्यक्रममा भएको सक्रिय अन्तर्क्रियाले बजेटमा सबैको स्वामित्वबोध स्थापित गर्ने धारणा राख्नुभएको थियो ।

आगामी बजेटमा कार्यक्षेत्र विस्तार, वित्तीय स्रोतको दिगो व्यवस्थापन, सञ्चयकर्तामैत्री सेवा प्रवाह, संस्थागत सुदृढीकरण र क्षमता बिकास तथा सूचना तथा प्रविधिको प्रभावकारी उपयोगलाई रणनीतिको रुपमा प्रस्तावित गरिएको छ । छलफलमा उठेका विषयहरु सहित प्रस्तावित कार्यक्रम तथा बजेटलाई थप परिमार्जन सहित सञ्चालक समिति समक्ष पेश गरिनेछ ।

कार्यक्रममा विभागीय प्रमुखहरु, सबै शाखा कार्यालयका प्रमुखहरु, बरिष्ठ प्रवन्धकहरु, प्रवन्धकहरु एवं कर्मचारी संगठनका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको संयोजन योजना, अनुगमन तथा मुल्यांकन विभाग र केन्द्रीय लेखा तथा खर्च विभागद्वारा संयुक्त रुपमा गरिएको थियो ।

# १२ अर्ब लागतको वाइड बडी अवतरण

कर्मचारी सञ्चय कोषको ऋण लगानी रहेको नेपाल वायु सेवा निगमको पहिलो वाइड बडी ए ३३०(२००) विमान अन्नपूर्ण त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा अवतरण गरेको छ।

निर्माणस्थल फ्रान्सको तुलुजबाट ९ घण्टाको उडानपछि विमान काठमाडौं आइपुगेको हो। निगमले फ्रान्सको एएआरबाट दुई वटा जहाज किन्न सम्झौता गरेको थियो। जहाज किन्न निगमले सरकारको जमानीमा कर्मचारी संचय कोषबाट १२ अर्ब रुपैयाँ ऋण सहयोग प्राप्त गरेको थियो।

जहाजमा २ सय ७४ सीट छन्। जसमा १८ सीट स्रांग्रिला क्लास(बिजनेश) र २ सय ५६ सीट इकोनमी क्लासका छन्। निगमका अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणले उडान अनुमति दिएपछि व्यवसायिक उडानमा जहाजलाई लगाइनेछ। यो जहाजबाट पहिलो चरणमा दुबई र दोहा उडान गर्ने निगमले जनाएको छ। यो जहाज नेपाल ल्याउनु अघि फ्रान्समै अन्तिम परीक्षण उडान गरिएको थियो।

निगमका महाप्रवन्धक सुगतरत्न कंसाकारले निगमको नयाँ जहाजले जापान र दक्षिण कोरियामा उडान सुरु गर्ने जानकारी दिनुभएको छ।




# सामाजिक सुरक्षाका नविनतम योजनाको तयारीमा सञ्चय कोष



कर्मचारी सञ्चय कोष, शाखा कार्यालय पोखराको आयोजनामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। कोषको सेवा सुविधा एवं भावी रणनीति सम्बन्धमा सञ्चयकर्तालाई जानकारी दिने र धारणा बुझ्ने उद्देश्यले असाढ २५ गते कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा बोल्दै प्रशासक तुलसीप्रसाद गौतमले स्वरोजगार र बैदेशिक रोजगारलाई समेत कोषमा समेट्ने योजना अनुरुप गृहकार्य अन्तिम चरणमा पुगेको बताउनुभयो। उहाँले योगदानमा आधारित निवृत्तिभरण योजना, वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर योजना, योगदानमा आधारित बृहत् सामाजिक सुरक्षा योजनाजस्ता कार्यक्रमले चाँडै नै मूर्तरुप पाउने जानकारी दिनुभयो। सञ्चय कोष परम्परागत शैली परिमार्जन गर्दै सामाजिक सुरक्षाका नविनतम प्याकेजको तयारीमा जुटेको उहाँको भनाइ थियो।

कार्यक्रममा कोषका नायब मुख्य अधिकृत जीवन कुमार कट्वालले कोषले प्रबाह गरेका सेवा, सुबिधा र प्रभावकारिता सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। नायब मुख्य अधिकृत अर्जुन कुमार गौतमले प्रस्तुत गरेको कार्यपत्रमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा सञ्चय कोष, स्थानीय सरकार, प्रदेश सरकार एबम निजी क्षेत्रको समन्वय महत्वपूर्ण हुने धारणा व्यक्त भएको थियो। कार्यपत्रमा कोषको वर्तमान अवस्था र रणनीतिक योजनाबारे जानकारी गराइएको थियो। कार्यपत्र उपर टिप्पणी गर्दै कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारी र पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेषनारायण पौडेलले कोषको पूँजी परिचालनमा सञ्चयकर्ताप्रतिको जवाफदेहिता बिर्सन नहुने धारणा राख्नुभयो। कार्यालय प्रमुख दिलिपराज पौडेलले कोष सदैब संचयकर्तालाई सहज र प्रभावकारी सेवा प्रबाहको लागि समर्पित रहेको बताउनुभयो। साथै सामाजिक सुरक्षा कार्यक्रममा कोषको पहुँच र योगदानलाई अभिवृद्धि गर्न कोष सदैव प्रतिबद्ध रहेको उहाँको धारणा थियो।

प्रदेश नम्बर ४ का प्रमुख सचिव नारायण प्रसाद बिडारीको प्रमुख आतिथ्यतामा कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रममा गण्डकी प्रदेशका सबै मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुखहरु, क्षेत्रीय र जिल्ला कार्यालयहरुका प्रमुखहरु, ट्रेड युनियन प्रतिनिधि, उद्योगपति, विभिन्न प्रतिष्ठान, संघ सस्थान, होटल, रेस्टुरेन्ट लगायतका कर्मचारी तथा प्रतिनिधिहरुको उपस्थिति थियो।

**कोषको प्रतिवद्धता**

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमा कोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवं उच्च मनोवलयुक्त कर्मचारीहरुको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ट सामाजिक सुरक्षा संस्थाको रुपमा विकास गर्ने।

## बुटवल शाखा

# सञ्चयकर्ता सन्तुष्टि उच्च प्राथमिकतामा

शाखा कार्यालय बुटवलले मध्य पश्चिम पृतना हेडक्वाटर र अन्तर्गतका कार्यालयहरुको लागी मिति २०७४/११/२२ गते अन्तरक्रिया सञ्चालन गरेको छ। यस्तै यसै आ.व.मा रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखाची जिल्ला स्थित विभिन्न सञ्चयकर्ता कार्यालयहरुमा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरिएको छ।

यस्तै, शाखा कार्यालयले विभिन्न संघ-संस्थाहरु पहिचान गरि त्यस्ता संघ-संस्थाहरुलाई कोषमा आवद्ध गराउने उद्देश्यले आ.व. २०७४/७५ मा रुपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखाची जिल्ला स्थित विभिन्नसंघ-संस्थाहरुमा गई Office Approach कार्यक्रम सन्चालन गरिएको छ।

### नयाँ सञ्चयकर्ता कार्यालय आवद्धता

शाखाद्वारा आ.व. २०७४/७५ को जेष्ठ मसान्त सम्मको ११ महिनाको अवधिमा २३ वटा नयाँ कार्यालयहरुका सात सय पाँच सञ्चयकर्ताहरुलाइ कोषमा आवद्ध गरिएको छ।

### सापटी/भुक्तानी तथा सामाजिक सुरक्षा सेवाहरु

चालु आ.व. २०७४/७५ को जेष्ठ मसान्त सम्मको ११ महिनाको अवधिमा शाखा कार्यालय बुटवलद्धारा १०,४२५ जना सञ्चयकर्ताहरुलाई विशेष सापटी बापत रु. १,२९,१९,२४,२१६।६८ र २,०३४ जना अवकास प्राप्त सञ्चयकर्ताहरुलाई रु. ३६,७६,४०,६६६।४३ कोष भुक्तानी गरेको छ। यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसुति तथा शिशु स्याहार खर्च वापत १,४५१ जना सञ्चयकर्ताहरुलाई रु. १,०८,८२,५००।०० , दुर्घटना क्षतिपुर्ति वापत ६ जना सञ्चयकर्ताहरुलाई रु. ७,५०,०००।०० , औषधोपचार खर्च (कडा रोग) वापत २ जना सञ्चयकर्ताहरुलाई रु. ६७,८६६।०० , सेवा अवधिमा मृत्यु भएका ४८ जना सञ्चयकर्ताहरुका हकवालालाई काजक्रिया अनुदान वापत रु. १४,४०,०००।०० , सेवा अवधिमा मृत्यु भएका निजामति तथा जंगी तर्फका १३ जना सञ्चयकर्ताहरुका हकवालालाई कल्याणकारी रकम वापत रु. १९,५०,०००।०० प्रदान गरिएको छ।





### कर्जा लगानी/असुली/क्षेत्र विस्तार

आ.व. २०७४/७५ को जेष्ठ मसान्तसम्मको अवधिमा घर सापटी तर्फ १९८ जना सञ्चयकर्ताहरुलाई रु. २०,०२,३२,०००।०० , घर मर्मत सापटी तर्फ ३८ जना सञ्चयकर्ताहरुलाई रु. ५,३५,२५,०००।०० शैक्षिक सापटीतर्फ १० जना सञ्चयकर्ताहरुलाई रु. १,६२,१५,०००।०० लगानी गरेको छ। यस शाखा कार्यालयको कर्जा लगानी को क्षेत्र विस्तारको क्रममा रुपन्देही र नवलपरासी जिल्लाहरुमा भैरहेकोमा थप तथा कपिलवस्तु जिल्लामा नयाँ क्षेत्र पहिचान गरी लागु गर्न शिफारिस भएको छ।

### अन्य गतिविधी :

कोषका प्रशासक र शाखा कार्यालय बुटवलका कार्यालय प्रमुखबिचमा शाखा कार्यालयले हासिल गर्नुपर्ने ५ वटा कार्यसम्पादन लक्ष्यहरु सहित मिति २०७४/१२/०६ मा कार्यसम्पादन सम्झौता (MOU) मा हस्ताक्षर भएको छ। यसले शाखा कार्यालयलाई आफुले हासिल गर्नुपर्ने निर्दिश्ट लक्ष्यहरु स्पष्ट भई कार्यकुशलता तथा उत्प्रेरणा अभिबृद्धि हुने विश्वास गरिएको छ।



कोषको सेवालाई क्रमशः विकेन्द्रिकरण गर्दै स्थानिय स्तरबाटै सेवा प्रदान गर्ने उद्देश्यले यो शाखा कार्यालयको स्थापना २०५६ भाद्रमा भैरहवामा भएको थियो। सञ्चयकर्ताको सहजतालाई ध्यानमा राख्दै २०६५मा बुटवलमा स्थानान्तरण भएको यस शाखाले सञ्चयकर्ताको सन्तुष्टिलाई उच्च प्राथमिकतामा राखेको छ। शाखाले प्रदेश नं. ५ लगायत अन्य क्षेत्रका सञ्चयकर्ताहरुलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आइरहेको छ।

## धनगढी शाखा

# विशेष कार्यक्रम सम्पन्न

शाखा कार्यालय धनगढीले प्रदेश नं. ७ स्थित डडेलधुरा, डोटी र अछाम जिल्ला एवं खप्तड क्षेत्रमा यहि ज्येष्ठ १३ देखि १९ सम्म विभिन्न कार्यालयमा छलफल, अन्तरक्रिया तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

शाखाले शुद्ध तथा नियमित फाँटवारी प्राप्ति सम्बन्धमा जानकारी गराउने र सञ्चयकर्ताको धारणा बुझ्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको हो। कार्यक्रममा कोषका सेवा, सुविधा बारे सचेतनामूलक प्रस्तुती गरिएको थियो। कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वयमा जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरु एवं स्थानिय तहका लेखाका कर्मचारीको सक्रिय सहभागितामा फाँटवारीलाई शुद्ध र नियमित बनाउने सन्दर्भमा कार्यक्रम सञ्चालन भएको हो। कार्यक्रममा शाखा प्रमुख श्री रामकाजी के.सी.ले कार्यक्रमको उद्देश्यका सम्बन्धमा प्रकाश पार्दै प्रस्तुती दिनुभएको थियो भने सञ्चयकर्ता कार्यालयका प्रमुखहरु नरेशराज भट्ट, विष्णुदत्त भट्ट तथा सिद्धराज ओझाले आफ्नो धारणा राख्नु भएको थियो। कार्यक्रममा शाखाको तर्फबाट सागर सिं साउद, लोकमणी शर्मा, देव सिं बडाल लगायतका कर्मचारीहरुको समेत सहभागीता रहेको थियो।







कोहलपुर शाखा

# अन्तर्क्रिया तथा अनुशिक्षण कार्यक्रम सञ्चालन

शाखा कार्यालय, कोहलपुरले कोषको सेवा सुविधा सम्बन्धमा प्रदेश नं. पाँचका विभिन्न कार्यालयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिरहेको छ । कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको विभिन्न सेवा सुविधा सम्बन्धमा जानकारी दिन चरणबद्ध रुपमा कार्यक्रमहरुको आयोजना भएको हो ।

यसैक्रममा, २०७४ माघ १२ मा नेपालगञ्ज स्थित महेन्द्र बहुमुखी क्याम्पसमा एक अन्तरक्रिया कार्यक्रम सम्पन गरिएको छ। क्याम्पस प्रमुख गणेश कुमार रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यालय प्रमुख महेन्द्र राज शाक्यले कार्यक्रमको उद्देश्य र महत्व सम्बन्धमा प्रकाश पार्नु भएको थियो। कोषको तर्फबाट शाखा अधिकृत मनोज लामिछानेले प्रस्तुति दिनु भएको थियो। क्याम्पस प्रमुख रेग्मीले कोषको प्रदान गर्ने सेवा सुविधा सूसुचित गरिदिनु भएकोमा कोहलपुर शाखालाई धन्यवाद दिनु भयो। कार्यक्रममा नर्सिङ्ग क्याम्पस, त्रि.वि.वि.परीक्षा नियन्त्रण कार्यालय, बाँकेका प्राध्यापक एवं कर्मचारीहरुको सहभागिता रहेको छ।

यस्तै, दाङको घोराहीमा २०७४/१०/२८ गते डिभिजन सहकारी कार्यालय दाङको समन्वयमा दाङ जिल्लामा रहेको सहकारी संस्थाहरु र विभिन्न सहकारी संघहरुको उपस्थितिमा जिल्ला सहकारी संघको सभाकक्षमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जिल्ला सहकारी संघका अध्यक्ष गोविन्द प्रसाद शर्माको सभापतित्वमा डिभिजन सहकारी कार्यालय प्रमुख विनोद कुमार पौडेल, सहकारी निरीक्षक गोपाल पौडेलको सहभागितामा सम्पन्न कार्यक्रममा कार्यालय प्रमुख महेन्द्र राज शाक्यले कोषले प्रदान गर्दै आएको सेवा सुविधा सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

शाखाले २०७४ माघ २९ मा दाङ भरतपुर स्थित महेन्द्र बहुमुखी क्याम्पस, दाङमा अन्तर्क्रिया कार्यक्रम सम्पन गरियो। क्याम्पस प्रमुख विमल सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यालय प्रमुख महेन्द्र राज शाक्यले सञ्चयकर्ताहरुको जिज्ञासाको उत्तर दिनु भएको थियो। कार्यक्रम प्रमुख सहायक नगेन्द्र पुलामी मगरले सञ्चालन गर्नु भएको थियो।





२०७५ आषाढ ०७ गते बाँसगढी नगरपालिकाको समन्वयमा नगरपालिकामा रहेका सहकारी संस्थाहरुका प्रतिनिधिहरुलाई कोषको सेवा सुविधा र सञ्चयकर्ताहरुलाई प्राप्त हुने विभिन्न अवसरहरुका सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

## ई सेवा, ई फाँटवारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

शाखाले २०७५/०३/०१ गते ज्वालामाई सशस्त्र प्रहरी गुल्म, भालुवाङ, दाङमा सशस्त्र प्रहरीका विभिन्न इकाईका लेखा अधिकृत/लेखापालहरुलाई कोषले प्रदान गर्ने ई सेवा, ई फाँटवारी र अन्य सेवा सुविधा सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा का.मु.ब.शा.अ. श्री मनोज लामिछानेले फाँटवारीलाई नियमित र ब्यवस्थित गर्ने प्रक्रिया सम्बन्धमा जानकारी प्रस्तुत गर्नुभएको थियो।

२०७५/०३/०८ गते कोष तथा लेखा नियन्त्रक कार्यालय, वर्दियाको समन्वयमा वर्दिया उद्योग वाणिज्य संघको सभाकक्षमा विभिन्न सरकारी कार्यालयहरुका लेखा अधिकृत/लेखापालहरुलाई कोषले प्रदान गर्ने ई सेवा, ई फाँटवारी र अन्य सेवा सुविधा सम्बन्धमा जानकारी दिन एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। प्रमुख कोष नियन्त्रक




प्रेमचन्द्र भुषालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषको तर्फबाट कार्यालय प्रमुख महेन्द्र राज शाक्यले कोषले प्रदान गर्ने ई सेवा र अन्य सुविधा सम्बन्धी जानकारी दिनुभएको थियो। कार्यक्रम कोष नियन्त्रक पिताम्बर शर्माले सञ्चालन गर्नु भएको थियो।

## अनुशिक्षण कार्यक्रम सञ्चालन



कोषले सञ्चयकर्ता कार्यालयहरुमा एक दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको छ। कार्यालय प्रमुख महेन्द्र राज शाक्यले कोषले सञ्चयकर्ताहरुलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा सुविधा, वित्तीय सुविधा तथा शेयर लगानीको अवसर, डिम्याट खाता, C-ASBA, परिचयपत्रको महत्व, सेवा सुविधा विभिन्न साप्टी सुविधा सम्बन्धमा बाँके जिल्लाका विभिन्न आठवटा प्रहरी गण, तालिम केन्द्र तथा गुल्महरुमा विभिन्न जानकारीहरु प्रस्तुत गर्नु भयो।

## "एक कर्मचारी एक फलफुलको विरुवा" अभियान

"एक कर्मचारी एक फलफुलको विरुवा" नाराका साथ विश्व वातावरण दिवसको उपलक्ष्यमा २०७५ जेष्ठ २२ गते कोषका कर्मचारीहरुको सहभागितामा वृक्षारोपण गरियो। कोहलपुर नगरपालिका वडा नं.११ शाखा कार्यालय भवन अगाडि रहेको सार्वजनिक सडकको ग्रीनवेल्टमा धुपी, बकाइनो, नीलकाँडा लगायतका विभिन्न जातका विरुवाहरु रोपी स्वच्छ र सफा वातावरणका लागि हरियाली अभियानको रुपमा बृक्षारोपण सम्पन्न गरिएको हो।

## कोषमा नयाँ आठ कार्यालयको आवद्धता

आ.व.२०७४/७५मा सञ्चयकर्ता सेवा विस्तार अन्तर्गत शाखा कार्यालयले विभिन्न कार्यालयहरुसंग सम्झौता गरी आठ कार्यालयहरुलाई कोषमा आबद्ध गरेको छ।

| नाम | ठेगाना |
|---|---|
| एक्युरेट एकाउन्टिङ्ग सोलुसन प्रा.लि. | नेपालगञ्ज, बाँके |
| ब्रिनोज कान स्वास्थ्य संस्था | नेपालगञ्ज, बाँके |
| आशीर्वाद पेन्टस् प्रा.लि. | नेपालगञ्ज, बाँके |
| कोहलपुर उद्योग वाणिज्य संघ | कोहलपुर, बाँके |
| ज्ञानोदय सामुदायिक पुस्तकालय तथा श्रोत केन्द्र | कोहलपुर, बाँके |
| जलजला बहुमुखी क्याम्पस | लिवाङ्, रोल्पा |
| महिला उपकार मञ्च | कोहलपुर, बाँके |
| सुशील कोइराला प्रखर क्यान्सर अस्पताल | खजुरा, बाँके |

वृत्ति विकास




कर्मचारी सञ्चय कोषमा कार्यरत प्रमुख सहायक र बरिष्ठ कम्प्युटर सहायक कर्मचारीहरुको एक महिने सेवा कालिन तालिम सुरु भएको छ।

यही असार ५ गतेबाट सुरु भएको तालिममा १७ जना कर्मचारी सहभागी छन्।

तालिमको समुद्घाटन गर्दै प्रशासक तुलसीप्रसाद गौतमले कार्यरत कर्मचारीहरुको कार्य क्षमतामा गुणात्मक अभिवृद्धि ल्याउन यो तालिमले सहयोग पुग्ने विश्वास ब्यक्त गर्नु भयो। गौतमले तालिमले कर्मचारीहरुलाई उनिहरुले सम्पादन गर्ने कार्यमा नविन सोचको प्रादुर्भाव मात्र नगर्ने यसले उनिहरुको वृत्ति विकासमा समेत अवसरको सृजना गर्ने भन्दै तालिमको सदुपयोग गर्न सुझाव पनि दिनु भयो। मुख्य अधिकृत राजेन्द्र काफ्लेले कर्मचारीहरुको कार्य क्षमता र दक्षता अभिवृद्धि गर्दै सञ्चयकर्ताहरुको सेवामा गुनासोलाई न्युनिकरण गर्न र तालिमलाई उपयोगी बनाउन व्यवस्थापन कार्यरत रहेको बताउनु भयो।

कार्यक्रममा कोषका वरिष्ठ अधिकृत लगायत कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो।




शाखा कार्यालय जनकपुरले कोषको सेवा सुविधाबारे सञ्चयकर्तालाई जानकारी दिनु उद्देश्यले अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ। साथै, शाखा कार्यालय जनकपुर र सहकार्य लघुवित्त संस्थाबिच सञ्चय कोषमा आवद्ध हुने सम्बन्धी सम्झौता भएको छ।




शाखा कार्यालय, सुर्खेतद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रम।




सञ्चयकोष कर्मचारी संघद्वारा आयोजित रक्तदान कार्यक्रम।




कोषमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित एक महिने सेवाकालिन तालिम।







अन्तर्राष्ट्रिय वातावरण दिवस (जुन ५) का अवसरमा कार्यालय परिसरमा वृक्षारोपण गर्दै शाखा कार्यालय धनगढी, पोखरा एवं हेटौंडाका कर्मचारीहरु। जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई न्युनिकरण गर्न सचेतना अभिवृद्धि गर्ने उद्देश्यले उक्त अवसरमा केन्द्रीय कार्यालय सहित कोषका विभिन्न शाखाहरुमा समेत वृक्षारोपण गरिएको थियो।

**कर्मचारी सञ्चय कोष**

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

फोन नं. : ०१ ५०१०१८०

website : www.epfnepal.com.np

email: **planning**@epfnepal.com.np

**सम्पादन समूह**

**संयोजक:**

नायव मुख्य अधिकृत श्री केदारनाथ गौतम

**सदस्यहरू:**

बरिष्ठ प्रबन्धक श्री दिनेश के सी

बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी

का.मु.बरिष्ठ प्रबन्धक श्री शान्ता गौतम

शाखा अधिकृत श्री ओजस्वी गौतम

शाखा अधिकृत श्री राजेन्द्रविक्रम के सी